प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : ५१ ।। २०८० चैत्र १४ गते बुधबार (26th Mar 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# झापामा एकजना प्रहरीको काँधमा ८ सय १८ जनाको जिम्मा

• लक्ष्मी उप्रेती

मेचीनगर । झापामा दरबन्दी अनुसारका सुरक्षाकर्मी (जनशक्ति) नहुँदा समस्या व्यहोरिरहेको जिल्ला प्रहरी कार्यालय झापाले अस्थायी प्रहरी चौकीका कारण पनि थप मार खेप्न बाध्य हुनु परेको छ। अस्थायी प्रहरी चौकीमा दरबन्दी नहुने र स्थायी जनशक्ति नै परिचालन गर्नुपर्ने भएकाले मार खेप्न बाध्य हुनु परेको हो ।



जिल्ला प्रहरी कार्यालय स्रोतका अनुसार जिल्लामा कुल १ हजार २ सय ९९ जना सुरक्षाकर्मीको स्थायी दरबन्दी छ । तर, १ हजार २ सय १५ जनामात्र कार्यरत रहेका छन् । यी स्थायी जनशक्तिलाई नै अस्थायी प्रहरी पोष्टमा समेत खटाउनु पर्दा इलाका प्रहरी कार्यालयमा जनशक्ति अभाव हुने गरेको छ । जसका कारण प्रहरी कार्यालयले मात्र होईन, सर्वसाधारणले समेत भनेकै समयमा प्रहरीको सेवा पाउन सकिरहेका छैनन् ।

जिल्लामा कचनकवल गाउँपालिका–१मा कुटी अस्थायी प्रहरी चौकी, दमक नगरपालिका–१ मा फाल्गुनन्द अस्थायी प्रहरी पोष्ट, दमक नगरपालिका–४ मा ताराबारी अस्थायी प्रहरी पोष्ट, विर्तामोड नगरपालिका–७ मा गरामनी अस्थायी प्रहरी चौकी, बिर्तामोड नगरपालिका–६ मा बुट्टावारी अस्थायी प्रहरी पोष्ट, बिर्तामोड–१० मा सैनिक बजार अस्थायी प्रहरी बीट, अर्जुनधारा–११ मा बसपार्क अस्थायी प्रहरी पोष्ट, अर्जुनधारा–९ मा सालवारी अस्थायी प्रहरी पोष्ट, कन्काई–७ मा दुर्गापुर अस्थायी प्रहरी बीट, मेचीनगर–२ मा भृकुटी अस्थायी प्रहरी पोष्ट, मेचीनगर–७ मा इटाभट्टा अस्थायी प्रहरी पोष्ट, गौरादह नगरपालिकामा बैगुनधुरा अस्थायी प्रहरी चौकी, अर्जुनधारा–२ मा खुदुनावारी अस्थायी प्रहरी पोष्ट, शिवसताक्षीँ नगरपालिकाको माईधार अस्थायी प्रहरी पोष्ट, गौरादह नगरपालिका–७ मा जुरोपानी अस्थायी प्रहरी चौकीसहित जिल्लामा अस्थायी चौकी र पोष्ट गरी कुल १५ वटा रहेका छन् ।

तर, ती सबै पोष्ट र चौकीमा कार्यरत सुरक्षाकर्मीको व्यवस्थापन जिल्ला प्रहरी कार्यालयले आफै गर्नुपर्छ । एउटा अस्थायी चौकी वा पोष्टमा ४ देखि ७ जनासम्म कार्यरत छन् । जिल्लाभरि रहेका अस्थायी चौकी वा पोष्टमा करिब एकसय जना सुरक्षाकर्मी कार्यरत रहेको कार्यालयको भनाई छ । सरकारले ती अस्थायी प्रहरी चौकी र पोष्टलाई स्थायी गर्नेबित्तिकै एकजना खाना बनाउने (भान्से) सहित प्रहरी सहायक निरीक्षकको कमाण्डमा १४ जना सुरक्षाकर्मीको स्थायी दरबन्दी हुन्छ ।

'अब पोष्ट र चौकी निर्माण गरेपछि सुरक्षाकर्मी राख्नै पर्छ' एकजना प्रहरी अधिकृतले भने,' अस्थायीमा स्थायी जनशक्तिको दरबन्दी नभएपछि अन्य युनिटबाट स्थायी जनशक्ति पठाउनुपर्छ, यसो गर्दा जुन युनिटबाट जनशक्ति पठाईन्छ त्यहाँ जनशक्ति कम हुन्छ ।' जसले गर्दा त्यस मातहतको क्षेत्रमा कहिकतै अपराधलगायत अन्य घटना भए पर्याप्तरुपमा प्रहरी पुग्न सक्दैन । अस्थायी प्रहरी चौकी र पोष्टमा समेत पर्याप्त जनशक्ति छैनन् । जसका कारण त्यहाँ कार्यरत सुरक्षाकर्मीलाई स्थानीयवासीको अपेक्षा अनुसार शान्ति सुरक्षा प्रदान गर्न नसकेको बताइएको छ । ' अब सरकारले यी जिल्लाका १५ वटा प्रहरी बीट र चौकीलाई स्थायी संरचनामा परिणत गर्नु पर्‍यो नत्र यो समस्या ज्यूँ का त्यू रहन्छ' एकजना प्रहरी अधिकृतले भने ।

जिल्लामा इलाका प्रहरी कार्यालय काँकरभिट्टा, बिर्तामोड र दमकमा प्रहरी नायव उपरीक्षक (डिएसपी) को दरबन्दी छ । यसैगरी, १२ वटा इलाका प्रहरी कार्यालयमा प्रहरी नायव निरीक्षक (सई)को कमाण्ड र ३० वटा प्रहरी चौकीमा प्रहरी सहायक निरीक्षक (असई) को नेतृत्व हुन्छ । जिल्लामा प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक (इन्स्पेक्टर) को दरबन्दी रहेको धुलावारी, झिलझिले र गौरीगञ्ज इलाका प्रहरी कार्यालयले मात्र मुद्धा चलाउन सक्ने एकजना प्रहरी अधिकृतले बताए । भद्रपुरको वडा प्रहरी कार्यालयमा प्रहरी निरीक्षक (इन्स्पेक्टर) को दरबन्दी भएपनि त्यहाँ मुद्धा दर्ता हुँदैन र त्यहाँको मुद्धा जिल्ला प्रहरी कार्यालय झापाले हेर्ने गरेको ती प्रहरी अधिकृतले बताए ।

जिल्लामा कार्यरत सुरक्षाकर्मीको संख्या र झापाको जनसंख्या हेर्दा करिब ८ सय १८ जना मानिसको शान्ति सुरक्षाको जिम्मा एकजना सुरक्षाकर्मीको काँधमा छ । २०७८ सालको जनगणना अनुसार झापाको जनसंख्या ९ लाख ९४ हजार ९० पुगेको छ । जुन कूल जनसंख्याको ३ दशमलव ४१ प्रतिशत हो । जिल्लाको कूल जनसंख्यामा पुरुषको संख्या ४ लाख ७७ हजार ४ सय ९६ र महिलाको संख्या ५ लाख १६ हजार ५ सय ९४ रहेको छ । यसबाट ३९ हजार ९८ जना महिला बढी रहेको देखिन्छ । जिल्लाको जनसंख्या बृद्धिदर १ दशमलव ९३ प्रतिशत रहेको छ । त्यस्तै औसत परिवार संख्या ४ दशमलव शुन्य ४ रहेको छ । ०६८ को जनगणनामा झापाको जनसंख्या ८ लाख १२ हजार ६ सय ५० रहेको थियो । हाल जिल्लामा कार्यरत सुरक्षाकर्मीको संख्या १ हजार २ सय १५ मात्र छ ।

केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको नेपालको जनगणना-२०७८ को नतिजाले जनसंख्याको हिसाबले झापा देशकै चौथो जिल्लाको रुपमा देखिएको छ । केन्द्रीय तथ्यांकले नेपालको जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० पुगेको तथ्यांक सार्वजनिक गरेको थियो । जसमा सबैभन्दा धेरै जनसंख्या भएको पाँच जिल्लामा काठमाण्डौं पहिलो रहेको छ । त्यसपछि दोस्रोमा मोरङ , तेस्रोमा रुपन्देही, चौथोमा झापा र पाँचौमा सुनसरी रहेको छ ।

## झापाका तीनसहित २३ प्रहरी सम्पर्कविहीन

झापा(प्रस)। झापा घर भएका तीनसहित नेपाल प्रहरीका २३ जना विभिन्न पदका प्रहरी फरार रहेका छन् । नेपाल प्रहरी प्रधान कार्यालय नक्सालले मंगलबार सूचना जारी गरी आफूखुशी गैरहाजिर रहेका र खोजी गर्दा समेत सम्पर्कमा नआएका २३ जनालाई सात दिनभित्र हाजिर हुन निर्देशन दिएको हो।लामो समयसम्म गैरहाजिर हुनेमा प्रहरी कार्यालय सहायकदेखि सहायक निरीक्षकसम्मका कर्मचारी छन्। सात दिनभित्र हाजिर नभए उनीहरूलाई सेवाबाट हटाउने चेतावनी नेपाल प्रहरीले दिएको छ ।

# तत्कालीन भन्सार प्रमुखसहित ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

झापा(प्रस)।अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विराटनगर भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार अधिकृतसहित ४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।प्रमुख भन्सार अधिकृत ताराप्रसाद सापकोटा भन्सार अधिकृत नवकुल शर्मा, देव इन्टरनेशनल प्रालिका सञ्चालक शेरबहादुर बस्नेत र भन्सार एजेन्ट प्रतिनिधि सरनकुमार खरेलविरुद्ध मंगलवार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको हो ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार उनीहरूविरुद्ध ८४ लाख ५५ हजार ६०५ रुपैयाँ बिगो कायम गरिएको छ ।

चीनबाट आयात गरेको सामानको प्रज्ञापनपत्र नम्बर ७२६ मिति २०७९ पुस २० मा दर्ता गरेपछि सिस्टमबाटै डिलिट गरी अनियमितता गरेको भन्दै उनीहरुमाथि आयोगमा उजुरी परेको थियो ।

तत्कालीन प्रमुख भन्सार अधिकृत सापकोटा र शर्माले विराटनगर भन्सार कार्यालयमा जाँचपासको लागि देव इन्टरनेशनल प्रालिले ल्याएको सामानको जाँचपास गर्ने क्रममा अनियमितता गरेका आयोगको दाबी छ ।

उनीहरूले भन्सार विभागबाट नियमित ताकेता तथा निगरानी भएपश्चात् सिस्टम मार्फत दर्ता भएको प्रज्ञापनपत्र दर्ता नम्बर ७२६ को प्रज्ञापनपत्र डिलिट र रद्द गरेको पाइएको हो ।

भन्सार विभाग र अर्थ मन्त्रालयबाट लगातार फलोअप भएको तथा छानबिन समिति गठन गरेपश्चात् सापकोटा समेतको उपस्थितिमा मिति २०७९ माघ १० गतेको नयाँ प्रज्ञापनपत्र नम्बर ४०५७ दर्ता गरेका थिए ।

सुरु घोषणा गरेको रकम ७३ हजार ४३२ अमेरिकन डलरमा ८६ हजार ६९९ डलर थप गरी गराई भन्सार प्रक्रिया पूरा गरेर नियमानुसार लाग्ने जम्मा १ लाख ६० हजार ३४१ डलर मूल्य राजस्व लाग्ने निर्णय गरेको अभियोगपत्रमा उल्लेख छ ।

# अश्लील देवता डोल ठाकुरको पुजा



झापा(प्रस)। परापूर्वकालदेखि मानिदै आएका सबै संस्कार संस्कृति ठीक हुन्छ भन्ने छैन । हिन्दु धर्मभित्र त्यस्ता कतिपय चाडपर्व छन्, जुन अहिले अंगिकार गर्नै सकिदैन। त्यही भएर वर्तमान समाजले कुसंस्कारलाई छोड्दै गएको हो ।

हिन्दु धर्म मान्ने राजवंशी जातिमा अश्लील देवताको पुजा गर्ने चलन अझै छ। अश्लीलता प्रदर्शन गरेर र अश्लील गीत सुनाएर खुशी पार्नुपर्ने देवता राजवंशी जातिमा रहेको हो । जसलाई डोल ठाकुर भनिन्छ। होली अर्थात फागु पूर्णिमाका दिन त्यस डोल ठाकुर (कुल देवता)को पुजा गर्ने चलन छ ।

डोल ठाकुरको पुजा गर्ने भएर होली पर्वलाई राजवंशीहरुले डोल पाब्नी भन्ने गरेका छन् । कुल देवताको रुपमा रहेको डोल ठाकुरलाई होलीमा सबैले पुजा गर्ने गर्दछन् । उहिले अश्लील गीत गाएर , यौनिक चित्र बनाएर,कामुकता प्रदर्शन गरेर पुरुषहरुले गाउँ डुल्ने गर्थे । घरघरमा त्यस किसिमको अश्लील गीत (जसलाई डोल भनिन्छ ) गाएर हिड्ने प्रचलन थियो ।

'जति गायो त्यति डोल ठाकुर शान्ति हुने बिश्वास छ ' बाह्रदशी -१ का बयोबृद्ध श्रीलाल राजवंशीले भने, ' उहिले डोल निकै गाइन्थ्यो ।' उनले महिला केटाकेटीले सुन्नै नसक्ने लाजलाग्दो खालको भएर डोल गाउन छोडिएको बताए । उनले डोल गीत दुई किसिमको भएको बताउँदै कुनै घुमाउरो पाराको र कुनै छाडा खालको भएको जानकारी दिए । 'खासगरी डोल गीतमा शिव पार्वतीको रासलीलाका बारेमा बखान गर्ने गरिन्छ ' उनले भने ।

अहिले डोल गीत गाएर हिड्ने नगरिएपनि डोल ठाकुरको घरघरमा पुजा गर्ने चलन छ । होलीको दिन चोखो कराइमा पकाएको पुवाँ,अबिर, अक्षता, काँचो दुध, केरा, लड्डु, पान सुपारी, अगरबत्ती चढाएर डोल ठाकुरको पुजा गर्ने चलन रहेको राजवंशी धर्म संस्कार समितिका अध्यक्ष लखनलाल राजवंशीले बताए । डोल ठाकुरलाई चढाएपछि मात्र अबिर खेल्ने नियम रहेको उनले जानकारी दिए ।

**को हुन् डोल ठाकुर**

डोल ठाकुरलाई भगवान शिवको अवतारको रुपमा लिने गरिन्छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

# बिर्तामोडको पश्चिम स्टेन्डमा युवकमाथि छुरा प्रहार



बिर्तामोड(प्रस)। झापाको बिर्तामोडस्थित पश्चिम बस स्टेन्डमा एक युवकमाथि छुरा प्रहार भएको छ। दुई समूहबीच झडप हुँदा छुरा प्रहार भएको बताइएको छ ।

प्रहरीका अनुसार मंगलवार साँझ छुरा प्रहार भएको हो । छुरा प्रहारबाट घाइते भएका युवकलाई उपचारका लागि स्पाइन एक्स अस्पताल लगिएको छ। छुरा प्रहार गर्नेलाई प्रहरीले खोजिरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी सुरज कार्कीले बताए ।

केही समययता बिर्तामोडको पश्चिम बस स्टेन्ड रातको समयमा लागूऔषधको कारोबार र यौनधन्दाको अखडा बनेको छ। लागूऔषध र यौनधन्दाको गतिविधिले रातको समयमा सो क्षेत्र असुरक्षित बन्दै गइरहेको छ ।

# ६ जना पक्राउ, ३५८ सवारी साधन नियन्त्रणमा



झापा(प्रस)। होली पर्वमा अवाञ्छित गतिविधि गर्ने ६ जना झापामा पक्राउ परेका छन् । होली मनाउनेक्रममा अवाञ्छित गतिविधि गर्ने ६ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।त्यस्तै ३५८ वटा सवारीसाधनलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक ढुण्डीराज गिरीले बताए ।

उनका अनुसार दुई पाङ्ग्रे सवारी साधन ३४७ , तीन पाङ्ग्रे १० र चार पाङ्ग्रे १ वटा नियन्त्रणमा लिइएको हो ।मादक पदार्थ सेवन गरेर सवारी चलाउने , तीन जना मोटरसाइकलमा सवार हुने , हेल्मेटबिना मोटरसाइकल चलाउनेलाई नियन्त्रणमा लिइएको उनले बताए। पक्राउ परेका मानिस र सवारीसाधनलाई साँझपख छोडिएको थियो ।

प्रहरी प्रशासनले कसैको ईच्छाबिपरीत रंग दल्ने र फोहोर पानीको लोला हान्ने कार्य गरेमा कानुनी कार्वाही गर्ने निर्णय गरेको थियो । झापाको बिर्तामोड , दमकलगायतका ठाउँमा सामूहिक होली खेल्ने कार्यक्रम आयोजना गरिएको थियो । जहाँ निकै युवायुवतीको भीड लागेको थियो ।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# टी–२० सिरिजमा नेपाल च्याम्पियन



झापा(प्रस)। आयरल्यान्ड 'ए' विरुद्धको टी-२० सिरिज नेपालले जितेको छ ।कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मङ्गलबार भएको दोस्रो खेलमा आयरल्यान्डलाई ७१ रनले हराउँदै नेपाल च्याम्पियन बनेको हो ।
दुई खेलको सिरिज नेपालले २-० ले 'क्लिन स्वीप' गरेको छ । सिरिजको पहिलो खेलमा नेपालले आयरल्यान्डलाई सोमबार ६ विकेटले हराएको थियो । जितका लागि एक सय ९९ रनको लक्ष्य पछ्याएको आयरल्यान्ड १८.३ ओभरमा सबै विकेटको क्षतिमा एक सय २७ रनमा समेटिएको थियो ।
आयरल्यान्डका लागि स्टेफेन डुहेनीले २६ रन बनाएका थिए ।यस्तै मोर्गन टोपिङले २१, काडे कार्माइकलले १८, कप्तान नेल रक र रोस अडिरले १७/१७ तथा ग्रेथ डेलानीले १५ रन बनाए । अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।आयरल्यान्डलाई सस्तैमा समेट्न बलिङमा नेपालका कुशल मल्ल र सोमपाल कामीले तीन-तीन विकेट लिए । यस्तै करण केसी, कुशल भुर्तेल र विवेक यादवले एक-एक विकेट लिए ।
यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा एक सय ९८ रन बनाएको थियो । नेपालका लागि बायाँ हाते ब्याटर गुलशन झाले ३२ बलमा एक चौका र चार छक्काको सहयोगमा सर्वाधिक ४६ रन बनाए ।
कुशल मल्लले ३४, कप्तान रोहित पौडेलले ३३, कुशल भुर्तेलले २५, सन्दीप जोराले २१,अनिल शाहले १२, आसिफ शेखले ११ र विवेक यादवले अविजित सात रन बनाए । बलिङमा आयरल्यान्डका म्याथ्यु फस्टरले तीन विकेट लिए । बेन ह्वाइटले दुई तथा फिन ह्यान्ड र गेभिन होईले एक-एक विकेट झारे ।

# डुबेर दुईजनाको मृत्यु

झापा(प्रस)। होली मनाएर पौडी खेल्न जाँदा कनकाई नहरमा डुबेर एक किशोरको मृत्यु भएको छ । झापाको शिवसताक्षी ११ स्थित कनकाई नहरमा पौडी खेल्न जाँदा डुबेर शिवसताक्षी ११ श्रृष्टि टोल बस्ने १५ वर्षीय रविन श्रेष्ठको मृत्यु भएको हो ।
उनी सोमवार दिउँसो साढे २ बजेतिर साथीहरुसंग पौडी खेल्न गएका थिए । अरुले पनि पौडी खेलिरहेका ठाउँमा रविन पनि पौडी खेल्न गएको र नहरमा पस्नेबित्तिकै उनलाई बगाएको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए ।नहरले बगाई सोही वडाको साईफनस्थित नहरमा रहेको फलाममा अड्की लाश पानीमा डुबिरहेको अबस्थामा स्थानीयले देखेर ईप्रका झिलझिलेमा जानकारी गराएका थिए । किशोरको लाशलाई पानीबाट बाहिर निकाली पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको उनले जानकारी दिए ।
उता कैलाली र बर्दिया जोड्ने चिसापानीस्थित कर्णाली नदीमा बेपत्ता भएका युवा भेटिएका छन् । पुलबाट पौडी खेल्न हामफालेका १७ युवामध्ये कञ्चनपुरको बेलौरी नगरपालिका १ वैशाखीका ३० वर्षीय लोकेन्द्र शाही नदीमा बेपत्ता भएका थिए ।प्रहरीका अनुसार उनी मृत भेटिएका छन् । बेलौरी स्थायी घर भएपनि उनी कैलालीको लम्कीचुहा नगरपालिका ३, चिसापानीमा बस्दै आएका थिए ।

# इलाम–२ मा जनमत पार्टीबाट थाम्सुहाङ उम्मेदवार

झापा(प्रस)। जनमत पार्टीले इलाम-२ मा आगामी वैशाख १५ गते हुने उपनिर्वाचनमा प्रेमदीप थाम्सुहाङलाई उम्मेदवार बनाएको छ ।
जनमत पार्टीका अध्यक्ष सीके राउतले पहिचानवादीहरूका साझा उम्मेदवारका रूपमा थाम्सुहाङलाई अगाडि सारिएको बताएका छन् । प्रेमदीप किराँत-लिम्बुवान प्रदेश नामांकन अभियानका राष्ट्रिय



अध्यक्षसमेत हुन् । जनमतले आधिकारिक उम्मेदवारका रूपमा अगाडि सारेपछि प्रेमदीपले आफ्ना प्रतिबद्धतासमेत सार्वजनिक गरेका छन् । साथै उनी प्रचार-प्रसारमा समेत लागिसकेका छन् ।

प्रेमदीपले प्रदेशको नाम 'किरात लिम्बुवान' राख्न संसद्मा आवाज उठाउने प्रतिबद्धता जनाएका छन् । त्यस्तै चुलाचुलीमा इलाका प्रशासन र मालपोत कार्यालयको स्थापना गर्ने उनको प्रतिबद्धता छ । थाम्सुहाङ दुर्गा प्रसाईको अभियानका सचिवालय सदस्य पनि हुन् ।
प्रतिनिधिसभातर्फ इलाम निर्वाचन क्षेत्र-२ र प्रदेशसभातर्फ बझाङको निर्वाचन क्षेत्र-१ (१) मा वैशाख १५ मा उपनिर्वाचन हुन लागेको हो । एमालेका उपाध्यक्ष एवं संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको गत भदौ २६ मा निधन भएपछि इलाम-२ रिक्त थियो ।

# पहिलो एनिमेसन चलचित्र सलिनाको ट्रेलर सार्वजनिक

झापा(प्रस)। चैत १६ गते शुक्रबार नेपालका व्यवसायिक सिनेमा घरमा नेपालकै पहिले एनिमेसन चलचित्र सलिना प्रदर्शन हुँदैछ। सलिना रेनमेकर एनिमेसन एकेडेमीद्वारा निर्मित काल्पनिक कथामा बनेको एनिमेसन प्रविधिबाट तयार पारिएको चलचित्र हो। जुन नेपालमा नै सम्पूर्ण एनिमेसनसम्बन्धी प्राविधिक कार्य गरिएको नेपालकै पहिलो एनिमेटेड चलचित्र हो।
यो चलचित्र पूर्णरुपमा तयार भएर सेन्सर बोर्डबाट यू सर्टिफिकेट प्राप्त गरिसकेको छ। चलचित्रको अफिसियल ट्रेलर सार्वजनिक भइसकेको छ। यस चलचित्रको निर्देशन तेजसराज जोशीले गरेका हन्। तेजसराज जोशी र श्रुति श्रेष्ठ चलचित्रका निर्माता हुन् ।
यो चलचित्रलाई शिव पुरी र श्रुति श्रेष्ठले संयुक्त रुपमा सम्पादन गरेका छन् । चलचित्रको ग्राफिक कलाकारमा सगिन महर्जन, अविनाश सिंह थारु र शिरभा मानन्धर छन् । चलचित्र राजकुमारी सलिनाको कथा हो। यो चलचित्रमा पार्श्व आवाज दिने कलाकारमा सुशील नेपाल, अदिती ज्ञवाली, बेनिशा खतिवडा, एज्मी कुइंकेल, झरना राई, देव न्यौपाने, शिव पुरी, युबिन पुजारी, जुना थापा, कुमार न्यौपाने, प्रकाश अधिकारी, रोशन भट्ट, सगिन महर्जन, अविनाश सिंह थारु, शिरभा मानन्धर, बिराज खड्का, लजना श्रेष्ठ, श्रुति श्रेष्ठ, सुदिष्णा श्रेष्ठ, सुनिना शाक्य र कृष्मा राजकर्णिकार छन् ।


बिर्ता (सेप्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेप्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।



एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )

## लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

(दोश्रो पटक प्रकाशित मिति : २०८०/१२/१४)

यस बैंकको स्वामित्वमा रहेका देहायबमोजिमको सवारी साधन जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्राकशित गरिएको छ ।
तपसिल

| लिलाम हुने सवारी साधन | दर्ता नं. | सिसि | चेसिस नं. | न्यूनतम लिलाम मूल्य |
|---|---|---|---|---|
| टाटा सुमो गोल्ड (२०१७) | प्र१-०१-००२ च ५११ | २९५६ सि.सी | MAT446607HNJ05112 | रु. १०,९९,०००/०० |

१. बोलपत्र फारम दस्तुर वापत रु. १०००।०० (एक हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८०/१२/२० गते) कार्यालय समयभित्र दर्ता गरिसक्नुपर्नेछ ।
२. बोलपत्रसाथ आफूले कबुल गरेका रकमको १० प्रतिशतले हुन आउने धरौटी वापत को रकम यस बैंकको खाता नम्बर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
३. दर्ता भएका बोलपत्रहरु सूचना प्रकाशित मिति समाप्त भएको भोलिपल्ट (सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रीय कार्यालय बिर्तामोडमा खोलिनेछ साथै बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. सवारी साधनको नामसारी तथा दाखिला खारेज बापत लाग्ने सम्पूर्ण राजश्व एवं दैदस्तुर सकार गर्नेले नै व्यहोर्नु पर्नेछ ।
५. दरखास्तमा उल्लेख भए बमोजिमको रकममा बिक्रि गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय बैंकको हुनेछ ।
६. उक्त सामानहरु हेर्न यस बैंकको केन्द्रीय कार्यालयमा अफिस समयभित्र सम्पर्क राखि हेर्न सकिनेछ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र कबोल गरेको रकम बुझाइ उक्त सवारी साधन नामसारी गरि बुझि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत गरिनेछ ।
८. बोलपत्र फारामको लागि यस बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।


# बीएन्डसी मेडिकल कलेजलाई सम्बन्धन दिन आदेश



झापा(प्रस) । सर्वोच्च अदालतले झापाको बिर्तामोडमा रहेको बीएन्डसी मेडिकल कलेजलाई सम्बन्धन दिन आदेश जारी गरेको छ ।
सोमबार न्यायाधीशद्वय कुमार चुडाल र शारंगा सुवेदीको इजलासले प्रक्रिया पुऱ्याएको भए बीएन्डसी मेडिकल कलेजलाई सम्बन्धन दिन आदेश जारी गरेको हो ।सबै पूर्वाधार तयार गर्दा पनि सम्बन्धन नपाएको भन्दै बीएन्डसीका सञ्चालक दुर्गा प्रसाईंले काठमाडौं विश्वविद्यालय, चिकित्सा शिक्षा आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए ।प्रसाईंले दायर गरेको रिट निवेदनको सुनुवाइ गर्दै सर्वोच्च अदालतले 'रिट जारी'को फैसला गरेको हो ।

# पहाडसंगै झापामा होली विदा दिएको त्यो षडयन्त्र



झापा(प्रस)।झापालाई तराईबाट अलग पारेर पहाडसँगै होली विदा दिने शासकहरुको षडयन्त्र धेरै वर्ष टिक्न सकेन ।
२०७२ सालदेखि करिव पाँच वर्षसम्म पूर्व प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी ओलीलगायतले होली पर्वमा तराई क्षेत्रको झापालाई पहाडमा गाँभेर अघिल्लो दिन नै सार्वजनिक विदा दिएका थिए । अघिल्लै दिन सरकारले विदा दिएपछि भोलिपल्ट पर्वको दिन झापावासीहरुले विदा नपाउने अबस्था थियो । तर, शासकहरुको त्यो अकर्मण्यतालाई जिल्लावासीहरुले ठाडै अस्वीकार गरिदिए । झापालाई पहाडसंग गाँभ्ने कुत्सित मनसाय पूरा हुन दिएनन् । केही वर्षदेखि तराईका अन्य जिल्लासँगै झापाका बासिन्दाहरुले पनि होलीको विदा पाउने गरेका छन् । यस वर्ष चैत १२ गते झापासहित तराईका जिल्लाहरुमा सरकारले विदा दिएको थियो । अघिल्लै दिन होलीको विदा दिँदा झापा पहाडमा पर्छ कि तराईमा भनेर बहससमेत चलेको थियो ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री भवनाथ खतिवडा, उत्तरः सडक, दक्षिणः उद्धव सुवेदी को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ६ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री अजित कुमार पौडेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९ ०११ ९ | ३७७ | ३३८.६३ | २०८०/०८/१० | २०८०/०८/१० | २०८०/१०/०९ |



## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पश्चिमः श्री बिनोद तामाङ्गको नाममा जारी गरिएको ।

साविक गरामनी गाविस वडा नं. ५ हाल बिर्तामोड नगरपालिका, वडा नं. ८ बस्ने श्री दिल कुमारी मगरले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-८ | १८०० १६१४ | ५३५ | १९४.६९ | २०८०/११/१० ७२७५ | २०८०/११/१० | २०८०/११/२९ |



## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ०२३००१६२०३ | रबिना खातुन | झापा गा.पा.-३,झापा |



## बिर्तामोड नगर अस्पताल

उपलब्ध सेवाहरु




बाल रोग विशेषज्ञ सेवा
शनिबार बाहेक हरेक दिन
बिहान १० बजेदेखि १२ बजेसम्म



निःशुल्क नर्मल डेलिभरी सेवा
(प्रसूति सेवा)
हरेक दिन, २४ सै घण्टा



मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ
दैनिक १२ बजेदेखि २ बजेसम्म



स्त्री तथा प्रसूति रोग विशेष
दैनिक १ बजेदेखि ४ बजेसम्म

- भिडियो एक्स–रे
- एक्स–रे
- इसीजी
- २४ घण्टे इमरजेन्सी सेवा (सञ्चालनको तयारीमा)
- डाइलोसिस सेवा (सञ्चालनको तयारीमा)
- गर्भवती जाँच सेवा
- रेविजविरुद्ध भ्याक्सिन
- परिवार नियोजन सेवा
- पाठेघरको मुखको क्यान्सर जाँच
- निःशुल्क सुरक्षित गर्भपतन सेवा
- बच्चाहरुमा हुने कुपोषण जाँच तथा व्यवस्थापन
- नसर्ने रोगको जाँच
- किटजन्य कोभिडको निशुल्क जाँच
- खोप कार्यक्रम
- निरोगिता प्रमाणपत्र दिने

नेपाल सरकारबाट तोकिएका ९८ प्रकारका औषधिको निःशुल्क वितरण, विशेषज्ञ डाक्टरबाट दैनिक ओपीडी तथा परामर्श सेवा उपलब्ध छ ।

बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बीमा सेवा सञ्चालनमा छ ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# उच्छृंखल होली उल्लास

**यस वर्षको होलीले करिव आधा दर्जनको ज्यान लियो। होली खेल्नेक्रममा ग्याङ फाइट हुँदा ललितपुरमा दुईजनाको ज्यान गयो भने डुबेर दुईजनाको मृत्यु भयो। कनकाईको नहरमा एकजना किशोर र कर्णाली नदीमा डुबेर अर्का युवकको मृत्यु भएको हो। त्यसबाहेक होलीमा अन्य पनि घटना भएका छन्। होलीको उच्छृंखल उल्लासमा यसरी हरेक वर्ष धेरैले ज्यान गुमाइरहेका छन्।**

**हामीले सोच्नुपर्ने हो, किन धेरैजसो महिला होलीका दिन आफ्नो घरबाट बाहिर निस्कन चाहँदैनन्। यदि यस्तै घटना दोहोरिए, आउँदा वर्षमा होली मनाउनुको कुनै औचित्य छैन। मानिसहरुका लागि डर र त्रासको पर्व मनाउनुको के अर्थ ?' होली मनाउने, रमाइलो गर्ने बहानामा उच्छृंखलता बढेको पुष्टि गरेको छ। होली पौराणिक इतिहाससँग जोडिएको अबिरको पर्व हो। तर, पछिल्ला वर्षमा यो पर्व विकृत बन्दै गएको छ, पुरुषको पर्वजस्तो मात्र हुन गएको छ। त्यसैले युवती र महिलामा यो पर्वले यौन दुर्व्यवहारको त्रास थपिदिएको छ। त्यसैले धेरै महिला यस दिन घरबाट निस्कन चाहन्नन्। बरू, झ्यालढोका थुनेर घरैमा बस्न रूचाउँछन्। होली मनाउने बहानामा गलत मनसायले महिलालाई छुने, जिस्क्याउने, संवेदनशील अंगमा लोला हान्ने, रंग दल्ने, भौतिक, मानसिक यातना दिने विकृति यस पटकको होलीमा पनि देखियो। होली मनाउँदा बढ्तै उच्छृंखल शैली अपनाउने क्रम बढेको छ। त्यसैले होली नेपालीहरूको सांस्कृतिक सद्भावको चाड हुँदाहुँदै पनि विदेशीहरूले घृणाको नजरले टिप्पणी गर्न पुगेका हुन्। परिवारका सदस्य, नातागोता, समाजको नियन्त्रणभन्दा बाहिर बस्न रुचाउने र मौका छोपेर अरूलाई दुःख दिने नियत राख्ने जमात बढ्दै गएकाले होली विकृत हुन पुगेको हो। केही व्यक्तिको उच्छृंखल व्यवहारले सिंगो पर्वमाथि नै प्रश्न उठ्नु दुःखद हो। अमर्यादित गतिविधि नियन्त्रणको पद्धति विस्तारित हुन नसक्दा कलंकको दाग बोकिरहनु परेको छ।**

**रंग र पर्वको महत्व नबुझ्नेहरूले होली खेल्ने बहानामा उच्छृंखल हर्कत गरेको बुझाई छ। होलीमा अबिरको महत्त्व बुझ्न सकियो भने त्यसले ऊर्जा पैदा त गर्छ नै, स्वास्थ्यलाई समेत बलियो राख्ने काम गर्छ। होलीलाई ख्याल–ख्यालका रूपमा लिने, रमाइलो गर्ने माध्यम मात्र बनाउने, गलत ढंगले बुझ्ने गरेकाले समस्या निम्तिएका हुन्। शक्ति, सद्भाव, एकता प्राप्त गर्ने पर्व हो होली। तर, यसलाई मर्यादित बनाउन नसक्दा/नजान्दा सद्भाव होइन, द्वैष बढाउने विषय बन्ने त होइन भन्ने चिन्ता बढेको छ।**




# अर्थतन्त्रमा उदारवाद


• सुदर्शन मङ्गोल

सन् १९८८ देखि १९९४ सम्मको अवधिमा नेपाल औद्योगिकीकरणको बाटोमा लम्कँदै थियो। सम्भवतः नेपालको इतिहासमा यो नै तीव्र गतिमा अगाडि बढेको औद्योगिकीकरणको चरण थियो। त्यो समय गाउँस्तरसम्म औद्योगिकीकरण पुगिसकेको थियो। नेपालमा त्यही समयमा पाँचतारे होटल खुलेका थिए, त्यही समयमा नगरकोट पर्यटकीय क्षेत्र बन्यो। पोखरामा पर्यटन पूर्वाधारका विकास भए। सार्वजनिक यातायातदेखि हवाई यातायात र ठुला उद्योगहरूको विकास भए तर सन् १९९२ देखि उदारवादले प्रवेश पायो, देशमा चलिरहेका उद्योगहरू एकाएक समाप्त हुन पुग्यो, जसको परिणाम देश आज यो अवस्थामा आइपुगेको छ।

सन् १९९२ बाट देशमा जब उदारवाद आयो, तब चलिरहेका २६ वटा उद्योगलाई एक एक गरी समाप्त पारियो। सबैभन्दा पहिले त देशको ५० प्रतिशत जुत्ताको माग धान्ने बाँसबारी छाला जुत्ता कारखाना समाप्त पारियो, जसका कारण हजारौँ कामदार बेरोजगार बन्न पुगे। छाला उद्योग पनि आयातमुखी बन्न पुग्यो। यसै गरी ६७ प्रतिशत कागजको माग धान्ने भृकुटी कागज कारखाना पनि समाप्त पारियो। भृकुटी कागज कारखानाले उत्पादन गरेको कागज बङ्गलादेश, इन्डोनेसियाले आयात गर्थे। त्यो कागज धेरै स्तरीय थियो। त्यो कारखाना समाप्त भएसँगै अर्घाखाँची, गुल्मी, पाल्पा, गोर्खा, स्याङ्जालगायत जिल्लामा बाबियो उत्पादन गरेर धनी हुन थालेका किसानको बाटो बन्द हुन पुग्यो।

यस्तै निजीकरणका नाममा नाफामा चलेका बालाजु औद्योगिक क्षेत्र अनि हेटौँडा औद्योगिक क्षेत्रका कपडा उद्योगलाई समाप्त पारियो। ती उद्योगले देशको ठुलो मात्रामा कपडाको मागलाई पूर्ति गर्दथ्यो। यसै गरी सस्तोमा सामान ढुवानी गर्ने हेटौँडादेखि काठमाडौँसम्मको रोपवे पनि बन्द भयो। विराटनगर जुट मिललाई समाप्त पारियो। अनि जनकपुर सुर्ती उद्योगलाई समाप्त पारियो। कोहलपुरको कटन खेती र उद्योग समाप्त पारियो। बुटवलको धागो उद्योग समाप्त पारियो। पूर्ण गतिमा सञ्चालनमा रहेका उद्योगधन्दा एकपछि अर्को गरेर ध्वस्त पारियो। विराटनगरको जुटमिल बन्द भएपछि झापा, मोरङ, सुनसरी र उदयपुरसम्मका सनपाट उत्पादन गर्ने किसानको रोजीरोटी नै बन्द हुन पुग्यो।

त्यो बेला एक क्विन्टल धान बेच्दा हजार कमाउन मुस्किल थियो तर किसानले एक क्विन्टल सनपाट बेच्दा तीनदेखि छ हजार रुपियाँ मज्जाले आम्दानी गर्थे। त्यसकारण उनीहरू एक पटक धानको खेती गर्दथे भने अर्को पटक सनपाटको खेती गर्दथे। उद्योग बन्द भएपछि सनपाट खेती पनि गर्न छाडियो। जनकपुर, महोत्तरी र सर्लाहीमा सुर्ती उद्योगहरू थिए। जनकपुर र अन्य चुरोट कारखाना बन्द गरिएपछि सुर्ती खेती गर्न छाडियो। वीरगन्जको चिनी कारखाना बन्द गरिएपछि उखु खेती समाप्त भयो। त्यसपछि सर्लाही र जनकपुरका किसानको आर्थिक अवस्था कमजोर बन्न पुग्यो अनि बुटवलको धागो उद्योग बन्द गरिएपछि कोहलपुर, बाँके, बर्दियामा उत्पादन हुने कटन व्यवसाय समाप्त भयो।

पश्चिम कञ्चनपुरमा टर्पिनटाइन उद्योग थियो। त्यहाँ सुदूरपश्चिमका खोटा ल्याएर तेल उत्पादन गरिन्थ्यो। त्यो तेल उत्पादन गर्ने कम्पनी नै बन्द भएपछि त्यहाँ पनि कमाइ गरेर खाने मान्छेको आम्दानी सुक्यो। यसरी देशमा उदारवादको आगमन भएसँगै देशका उद्योगधन्दा बन्द गरियो। सन् १९९७ देखि घट्दै गइरहेको देशको औद्योगिकीकरण सन् २००५ मा आइपुग्दा सरकारी स्वामित्वमा रहेका धेरै उद्योग समाप्त भइसकेका थिए। नीति र सिद्धान्त भनेको देश सुहाउँदो हुनु पर्छ।

सन् १९३८ मा जर्मनीका अर्थशास्त्री अलेक्जेन्डर रुसतोभले पहिलो पटक उदारवादको नामकरण गरेका थिए। सन् १९७० र ८० को दशकमा उदारवादको सट्टा खुलाबजार भन्न थालियो। चिलीमा मिलेटरी शासक पिनोसेले सन् १९८० मा गरेको आर्थिक सुधारपछि त्यसलाई उदारवाद भन्न थालियो। नवउदारवाद उदारवादकै संशोधित रूप हो। नवउदारवादमा आर्थिक उदारीकरण, विश्वव्यापीकरण र निजीकरण अनि अर्थतन्त्र र समाजमा निजी क्षेत्रको भूमिका बढाउन सरकारी खर्च कटौती गर्ने, स्वतन्त्र बजारको मान्यता हुन्छ।

उदारवादको अर्को अर्थ पुँजीलाई स्वतन्त्र आवतजावत गर्न दिनु हो। जस्तो धनीलाई कर कम गर्दा उनीहरूसँग भएको पुँजी लगानी गर्न अरू उत्प्रेरित हुने र जसले गर्दा रोजगार सिर्जना भई अर्थतन्त्र सबल हुन्छ भन्ने नीति हो। उदारवादमा नियम कानुनलाई सहज गरी निजीकरणको नीतिले एकाधिकार तोडेर प्रतिस्पर्धा हुने भएकाले राजस्व बढ्ने, मुद्रास्फीति कम हुने र रोजगारी बढ्छ भन्ने मान्यता राखिन्छ। राजनीतिक र आर्थिक दुवै क्षेत्रमा मानिसले स्वतन्त्रता पाउनु पर्छ भन्ने विचार उदारवाद हो तर स्वतन्त्रता कसरी बिस्तारै घाँटी निमोठ्ने प्रतिस्पर्धामा विकसित हुन्छ र कसरी मानिस वर्गविभेदको सिकार हुन्छ भन्ने कुरामा यसले चासो राख्दैन। उदारवादमा बजारले ठुलो भूमिका निर्वाह गर्छ।

आजको संसारमा नवउदारवाद संसारका केही सीमित देशबाहेक सबै देशमा प्रवेश गरिसकेको छ। नवउदारवाद अँगाल्दा विश्वका देशले आर्थिक विकास गर्न सफल भएकाले नेपालले पनि त्यही अवधारणा हुबहु अँगाल्दा आर्थिक विकास हुन्छ भन्नु बिल्कुल गलत हो। किनकि नेपालमा ती देशको जस्तो आर्थिक पूर्वाधार छैन। किन्सको सिद्धान्तमा बेलायतले सन् १९४५ देखि १९७० सम्म व्यापक आर्थिक सुधार गरी आर्थिक वृद्धि गर्न सफल भएको थियो तर अहिलेको समयमा नेपालले यही सिद्धान्तमा टेकेर विकास गर्न सक्दैन। बिनाटेक्ने ठाउँ नवउदारवादबाट आर्थिक विकास सम्भव छैन। यसको गतिलो उदाहरण अर्जेन्टिना हो।

सन् १९७६ मा अर्जेन्टिनाका सैनिक शासक मार्टिनेजले उदारवादको प्रारम्भ गरेका थिए। उनी वित्तीय कटौती योजनाको लक्ष्य अन्तर्गत पैसा छाप्न कम गरेर मुद्रास्फीति कम गर्न चाहन्थे। यसका लागि तलब स्थिर राखेर मुद्रास्फीति कम गर्न उनी असफल भए, जसले गर्दा काम गर्ने वर्गको तलब कम हुन पुग्यो। खुला बजार नीति अनुरूप भन्सार खुला गरिदिए। यसले विदेशी सामान आयात गर्न सजिलो भयो तर यसको सबैभन्दा ठुलो असर घरेलु उद्योगमा पर्न गयो। घरेलु उद्योगबाट उत्पादित वस्तुले आयात गरिएका वस्तुसँग प्रतिस्पर्धा गर्न सकेन। जब वित्तीय क्षेत्रको नियन्त्रणमा कमी गरियो, यसले छोटो अवधिको आर्थिक वृद्धि त ल्यायो तर केही समयपछि सबै पुँजी अमेरिकातर्फ पलायन भयो। उदारवादको नीतिले गर्दा अर्जेन्टिनामा सन् १९७५ मा अचाक्ली गरिबी बढेको थियो।

उदारवादको असर देशको घरेलु उत्पादनमा पऱ्यो। राज्यको मुख्य आय नै विदेशी वस्तुमाथि लगाइने कर बन्न पुग्यो। यसको असर नागरिकले एउटै वस्तुमा धेरै किसिमका कर तिनुपर्ने भयो। समाजवाद त राजनीतिक दलका फगत एक नारा मात्र बन्न पुग्यो। अहिले देशको आर्थिक अवस्था कमजोर हुनुमा यही उदारवादको असर हो किनकि उदारवादमा देशको शासनसत्ता सञ्चालनमा पुँजीपतिको हात रहेको हुन्छ।

# त्रिवि सुधारका कार्यदिशा


• प्राडा शोभाखर कँडेल

मुलुकमा विश्वविद्यालय राजनीतिक खिचातानीको सिकार हुँदै आएका छन्। स्वशासित संस्थाका रूपमा चल्नुपर्ने विश्वविद्यालय गतिहीन भएजस्तो अवस्थामा छ। धेरै दिनको तालाबन्दीका कारण पनि विश्वविद्यालय कमजोर अवस्थामा छ। विश्वविद्यालयका पदाधिकारी नियुक्ति गर्दा त्रिवि ऐन र नियमानुसार छनोट गरेर सिफारिस वा नियुक्ति गर्ने परिपाटी बसाल्न पहल गर्नु पर्छ।

त्यसै गरी क्याम्पस, विभाग र अनुसन्धान केन्द्रमा पदाधिकारी नियुक्तिका लागि छुट्टै मापदण्ड बनाएर पद सिर्जना गरी सेवा आयोगहरूबाट पदपूर्ति गर्ने व्यवस्था मिलाउने र दलीय भागबन्डा जस्तो गरेर नियुक्ति गर्ने परिपाटीको अन्त्य गरेमा विश्वविद्यालय स्वचालित मात्रै होइन, स्तरसमेत वृद्धि हुन्छ। त्यस्ता पदाधिकारीहरूको कामको मूल्याङ्कन गरी एक ठाउँबाट अर्को ठाउँमा सरुवा गर्ने व्यवस्था गराउन सक्नु पर्छ।
त्रिवि दरबन्दी समिति स्वतन्त्र हुनु पर्छ। पदाधिकारीहरूको दबाब हुनु हुँदैन। विश्वविद्यालयका विद्यमान दरबन्दीलाई प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापकको निश्चित अनुपातमा पिरामिड आकारमा हुने गरी प्रत्येक छ/छ महिनामा विज्ञापन हुने र समयमै नतिजा प्रकाशन गरी पदपूर्ति गर्न विश्वविद्यालय र सेवा आयोगसँग समन्वय गरी क्यालेन्डर बनाउन सकारात्मक पहलकदमी लिनु पर्छ। केही वर्षयता सेवा आयोगबाट लिइएका उपप्राध्यापकको परीक्षाको नतिजा सन्तोषजनक भएको पाइँदैन। त्यस कारण विश्वविद्यालयलाई आवश्यक जनशक्ति अनुसारको पाठ्यक्रम परिमार्जन गरिनु पर्छ। उपप्राध्यापकको परीक्षामा लोक सेवा आयोगको शैलीमा सामान्य ज्ञान, सामाजिक तथा सञ्चार वातावरण जस्ता विषयसँग सम्बन्धित प्रश्न सोधेर विश्वविद्यालयमा पढाउने जनशक्ति भर्ना गर्ने खोजेको हो कि नेपाल सरकारको कर्मचारी उत्पादन गर्न खोजेको हो भन्ने गुनासा आउने गरेकाले त्यसको बेलैमा समाधान गर्नुपर्ने देखिन्छ। सेवा आयोगहरूले निश्चित मापदण्ड बनाएर शैक्षिक योग्यता, सेवा अनुभव पुगेका शिक्षकले निर्धारित कीर्ति पेस गरेपछि आयोगले तोकेका विशेषज्ञहरूबाट त्यसको मूल्याङ्कन गरी र निश्चित अङ्क पुगेपछि स्वतः बढुवा गर्ने परिपाटी बसाल्न जरुरी छ। प्राध्यापक पदमा ७० अङ्क ल्याउने सफल हुने र ९० अङ्क ल्याउनेसमेत असफल हुने परिपाटी अन्त्यका लागि पहल गर्न सक्नु पर्छ।

विश्वविद्यालय अन्तर्गतका डिन कार्यालय तथा अनुसन्धान केन्द्रहरूमा अनुसन्धानका लागि अति नै कम बजेट भएका कारण अनुसन्धान तथा प्रकाशनहरू गर्न समस्या भएको गुनासा आएका छन्। त्यसकारण पर्याप्त बजेटको व्यवस्था गर्ने र नेपाल सरकार तथा विश्वविद्यालयबाट हुने अनुसन्धान विश्वविद्यालयका अनुसन्धान केन्द्रबाट नै गराउनुपर्ने बाध्यकारी व्यवस्था मिलाउने र परियोजनाहरूबाट पाउने पारिश्रमिकको निश्चित प्रतिशत विश्वविद्यालयको कोषमा जम्मा हुने व्यवस्था मिलाई विश्वविद्यालयको आम्दानीसमेत बढाउन सकिन्छ। सो रकमसमेत वृत्ति विकासमै खर्च गर्ने व्यवस्था मिलाउनु पर्छ। यसबाट शिक्षकको वृत्ति विकासमा योगदानसमेत पुग्छ र यो कार्यले विश्वविद्यालयको अन्तर ष्ट्रिय छविमा वृद्धि हुन गई अन्तर्राष्ट्रिय स्तरमा गरिने श्रेणी तुलनासमेतमा उच्च स्थान प्राप्त गर्ने देखिन्छ।

विश्वविद्यालयमा आंशिक, करार सेवामा कार्यरत शिक्षकलाई एक पटकका लागि आवश्यक दरबन्दी सिर्जना गरी सेवा आयोगबाट विज्ञापन गरी पदपूर्ति गर्ने व्यवस्था मिलाउने, यो समस्या सदाका लागि अन्त्य गर्ने र त्यसपछि आंशिक तथा करार नराख्ने व्यवस्था मिलाउने। त्यसका लागि क्याम्पस, विभाग वा अनुसन्धान केन्द्रमा शिक्षक आवश्यकता भएमा दरबन्दी खाली हुनुभन्दा पहिले निर्धारित समयमा नै पदपूर्तिका लागि सिधै सेवा आयोगमा पठाउने र सेवा आयोगले तुरुन्त विज्ञापन गरी सम्बन्धित क्याम्पस, विभाग र अनुसन्धान केन्द्रमा पदस्थापन गर्ने व्यवस्था मिलान जरुरी भइसकेको छ।

पब्लिक क्याम्पसका प्राध्यापकहरूको विश्वविद्यालय सेवा आयोगहरूबाट समकक्षता प्रदान गर्न कार्यविधि बनाएर आवश्यक न्यूनतम योग्यता पुगेका प्राध्यापकलाई विश्वविद्यालयका आङ्गिक क्याम्पससरह उपप्राध्यापक, सहप्राध्यापक तथा प्राध्यापकको समकक्षता कायम हुने व्यवस्था गराउन पहल गरी आत्मसम्मानमा वृद्धि गर्न सकिन्छ। जुन कुरा पूर्वाञ्चल विश्वविद्यालयले थालनी गरिसकेको छ। यसो भएमा प्राध्यापकमा आत्मबल बढ्ने र एकै विश्वविद्यालयमा काम गर्ने भएर पनि विभेद जस्तो देखिने कुराको अन्त्य हुने छ। पब्लिक क्याम्पसहरू पनि पद अनुसार आङ्गिक क्याम्पससरह तलब तथा सुविधा दिने वातावरण बनाउन सकिन्छ।

बिनाभौगोलिक नक्साङ्कन क्याम्पसको सम्बन्धन दिएर चलाइएका क्याम्पसहरू एक/दुई वर्ष सञ्चालनमा आए पनि त्यसपछि विद्यार्थी संख्याको अभावमा धराशायी भइसकेका छन्, त्यसकारण बिनानक्साङ्कन क्याम्पसको सम्बन्धन दिने कार्य बन्द गर्न विशेष पहल गर्नु पर्छ। शिक्षक र विद्यार्थी अनुपात निर्धारण गरी आवश्यकता अनुसार उपप्राध्यापक पदको दरबन्दी सिर्जना गर्ने र सेवा आयोगबाट तुरुन्त पदपूर्ति गर्ने व्यवस्था मिलाउने। अध्ययन संस्थान र सङ्कायबिचको कार्यशैलीगत हेराइ र गराइमा देखिएको भिन्नताको फरक अन्त्य गरी सबै सङ्कायलाई अध्ययन संस्थानमा परिणत गर्न सहजीकरण गर्नु पर्छ।

विश्वविद्यालयमा चालु पाठ्यक्रमहरू समयानुकूल सुधार नभएको गुनासा देखिन्छन्, उत्पादित जनशक्तिको गुणस्तरबाट पनि प्रमाणित भएकाले एक्काइसौँ शताब्दी अनुकूल सिप विकास गर्ने खालका पाठ्यक्रम, पठनपाठन तथा परीक्षा प्रणालीमा समसामयिक सुधारका लागी सशक्त पहल गर्नु पर्छ। सेवानिवृत्त प्राध्यापक तथा कर्मचारीको पेन्सन नपाउने अवस्था उत्पन्न हुन नदिन पेन्सन कोष अद्यावधिक गर्ने र समयमा प्राप्त हुने ग्यारेन्टीका लागि पहल गर्ने।

विश्वविद्यालय एउटा त्यस्तो उच्च शैक्षिक संस्था हो; जहाँ सबै प्रकारका विद्याको उच्चकोटिको शिक्षा दिइन्छ र विद्यासम्बन्धी उपाधि प्रदान गरिन्छ। खास गरी सबैभन्दा मुख्य कार्यकारी पद उपकुलपतिको हुन्छ। उनकै दृष्टि, उद्देश्य तथा कार्यनीतिबाट नै समग्र विश्वविद्यालय परिचालित हुने हो। समग्र विश्वविद्यालयको नेतृत्व लिने व्यक्तिको नाताले उपकुलपतिका प्रमुख तीन वटा दायित्व र कार्यभार हुन्छन्। जस्तै : पहिलो विश्वविद्यालयभित्रको सार्वजनिक प्रशासन छरितो, पारदर्शी र स्वचालित बनाउने, दोस्रो शैक्षिक प्रशासन र कार्यक्रमलक्षित समूहप्रति केन्द्रित गर्ने, अनुसन्धानलाई समयसापेक्ष परिवार, सामाज, राष्ट्रको आवश्यकतालाई पूरा गर्ने बनाउने, विश्व शैक्षिक सन्दर्भमा विश्वविद्यालयलाई अग्रणी स्थापित गर्ने र सहकार्यको वातावरण बनाउने र तेस्रो आर्थिक प्रशासनलाई चुस्तदुरुस्त पारदर्शी एवं आर्थिक मामिलामा शून्य सहनशीलता, आवश्यक स्रोत जुटाउने र परिचालन गर्ने आदि।

समग्र विश्वविद्यालयलाई स्वचालित बनाई नवीकरणतर्फ अग्रसर गराउनुका साथै समाजलाई समेत सकारात्मक परिवर्तन गर्न सक्ने नेतृत्व लिन सक्नु पर्छ। विश्वविद्यालय सभाले गरेका निर्णय समयसीमाभित्र कार्यान्वयन गराउन सक्नु पर्छ। विश्वविद्यालयका अध्ययन संस्थान तथा सङ्कायहरू, अनुसन्धान केन्द्र, केन्द्रीय विभागहरू, आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसबिचमा एउटा शैक्षिक सञ्जाल बनाएर सबैलाई गतिशील बनाउनु पर्छ।

व्यापक सहमति आजको आवश्यकता हो। राजनीतिक दल, शिक्षक, कर्मचारी, विद्यार्थी संघ सङ्गठन तथा सरोकारवालासँग व्यापक अन्तर्क्रिया गरेर आमसहमतिमा ठोस कार्ययोजना बनाएर कार्यान्वयन गर्ने, आफूले कुनै पनि पार्टीको झन्डा नबोक्ने र सरकार, दल, तथा कर्मचारी र विद्यार्थी संघ, सङ्गठनको हस्तक्षेप हुनबाट टाढा रहने र स्वतन्त्रपूर्वक काम गर्न सक्नु पर्छ।

दिनरात विश्वविद्यालयको सुधारमा अर्जुनदृष्टि लगाएर अगाडि बढ्नु पर्छ। रणनीतिक दूरदर्शितालाई साथमा लिई विश्वविद्यालयको वृद्धि र विकासमा खर्चिन पूर्ण समर्पित भएर लाग्नु पर्छ। निर्विवाद नैतिक मापदण्ड कायम गरी निर्णय गर्ने। विश्वविद्यालय समुदायभित्र विविधता, एकात्मकता र समावेशितालाई अभिवृद्धि गर्ने हुनु पर्छ। विश्व सरकार (युनाइटेड नेसन्स) तथा बाह्य महत्वपूर्ण मुलुकहरूले मुलुक सञ्चालनमा भूमिका निर्वाह गर्ने गरेका महत्वपूर्ण विषय (भाइब्रेन्ट इस्यु) बारेमा परिचित हुनु पर्छ।

पदाधिकारीहरू स्वयमूले पनि दार्शनिक चेतनालाई अभिवृद्धि गर्नु पर्छ। दार्शनिक, वैज्ञानिक, ज्ञानात्मक, शैक्षिक, प्रशासनिक, आर्थिक, सामाजिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षहरूसँग सम्बन्धित कार्यहरू निर्भीकताका साथ सम्पन्न गर्नु नै प्रमुख कार्यभार हुन्। यिनै कार्यभार सम्पन्न गर्ने प्रतिबद्धता पदाधिकारीमा हुनु पर्छ। विश्वविद्यालयलाई गति दिन नवीनतम सोच, आर्थिक व्यवस्थापन, अनुसन्धान, संघीय, प्रदेश र स्थानीय सरकारसँग समन्वय र सहकार्य आवश्यक छ।

विश्वविद्यालय अनुदान आयोगसँग सहकार्य, तालिम, पुनर्ताजगी तथा नवप्रवर्तन, ऐन नियम र कार्यविधिमा समसामयिक सुधारको खाँचो छ। सेवा आयोग र विश्वविद्यालय प्रशासनबिचमा समन्वय, निकायका पधाधिकारी नियुक्ति एवं सिफारिस, भौतिक संरचना तथा पुनर्संरचना, शैक्षिक संस्थासँग सहकार्य, परीक्षा प्रणालीमा समसामयिक सुधार, पुराना कार्यक्रममा परिमार्जन र समयसापेक्ष नयाँ नयाँ कार्यक्रम थप गर्दै जानु पर्छ। ब्रेन ड्रेन निरुत्साहित र ब्रेन ग्रेन, उद्योग, बजार र विश्वविद्यालय सम्बन्ध, विश्वविद्यालयको विकेन्द्रीकरण, पूर्वपदाधिकारीसँग सहकार्य, छात्रवृत्ति कोष निर्माण, विश्वविद्यालय र अभिभावक सम्बन्ध, डिन कार्यालयलाई स्कुलको अवधारणा परिवर्तन, अन्तर्राष्ट्रिय स्तरको आवास तथा भोजनालय निर्माण, आवश्यक मात्रामा दरबन्दी सिर्जना र पदपूर्ति, तलब, भत्ता तथा पेन्सनको स्थायी समाधानमा गम्भीर हुनु पर्छ त्रिवि प्रशासन।

पाठ्यक्रम विकास केन्द्र सक्रिय र पाठ्यक्रम निर्माणमा उत्तरदायित्व तथा लिबरल आर्ट्सलाई प्राथमिकता, अनावश्यक संरचना खारेज गरी शैक्षिक परियोजना सञ्चालनमा जोड दिनु पर्छ। अन्तर ष्ट्रिय सम्बन्ध स्थापना, विश्वविद्यालय एलुमुनाइलाई प्रभावकारी बनाई शैक्षिक, भौतिक तथा आर्थिक क्षेत्रमा योगदान र अनुगमन तथा कार्य मूल्याङ्कन र पुरस्कार तथा दण्डको प्रभावकारी कार्यान्वयन आदि क्षेत्रमा ध्यान दिई विश्वविद्यालयमा स्वच्छ वातावरण निर्माण गर्ने प्रमुख कार्यभार छन्।

# लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ गठनको औचित्य

• गणेश मादेन



नेपाली काँग्रेसले ग्रहण (assume) गरेको भ्रातृसंस्था लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको प्रथम अधिवेशनको वडा तहदेखि जिल्ला तहसम्म कार्यसमिति गठन, प्रदेश, क्षेत्र र केन्द्रीय प्रतिनिधिको छनौटले लोकतन्त्रप्रति आस्था र विश्वास राख्ने आदिवासी जनजाति समुदायले सकारात्मक ठानेको हुनु पर्छ।
लोकतन्त्रमा तर्क-वितर्क हुनु स्वाभाविक हो। लोकतन्त्रमा पहिलो विकल्प सर्वसम्मत चयन, दोस्रो विकल्प निर्वाचन विधिबाट । झापा क्षेत्र न.१ मा क्षेत्रीय समितिको अध्यक्ष पदको उम्मेद्वार छनौट दोस्रो विकल्पमा गई उम्मेद्वार टुंगो लगाएको देखिन्छ । पराजय र विजय महत्वपूर्ण पक्ष होइन । विधि र विधान प्रधान हुन्छ । व्यक्ति प्रधान हुँदैन । यही हो लोकतन्त्रको सुन्दर पक्ष ।

तत्कालीन अवस्थामा आदिवासी जनजाति नेताहरुमध्ये अमृतलाल राजवंशी (हाल नेकपा एमाले), चन्दन मेचेलगायत रमेशकुमार भुजेलले नेतृत्व सम्हाल्ने अवसर नपाएका होइनन् तर, नेतृत्व सम्हालेको छोटो अवधिमै महासंघको जिल्ला कार्यवाहक श्री दिलकुमार नेम्वाङको कार्यकौशलता र अथक मेहनतले लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको प्रथम जिल्ला अधिवेशन निर्धारित समयमै सम्पन्न गर्न सफल भएको छ ।

मिति २०८० चैत ६ गतेको दिन सम्पन्न प्रथम जिल्ला अधिबेशनको अपार समर्थनले उहाँलाई नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको जिल्ला अध्यक्षको रूपमा सर्वसम्मत स्वीकार गर्नु पनि ऐतिहासिक क्षण थियो । विधि र नीतिको सिद्धान्तलाई स्थापित गर्न बनेको संगठन चलायमान पार्न नयाँ कार्यसमितिको काँधमा नयाँ जिम्मेवारी थपिएको छ । उहाँलगायत कार्यसमितिको सिंगो टिमलाई सफल कार्यकालको शुभकामना दिनै पर्छ । पार्टीले हतियारको रूपमा तयार पारेको अस्त्र (महासंघ) बन्धक त थियो नै तर, पुनः क्रियाशील तथा पुनर्जीवित (revive) गर्नुमा कतै लोकतन्त्रमाथि खतरा उत्पन्न भएको त होइन ? लोकतन्त्रको रक्षा गर्नु नै कांग्रेसको नैसर्गिक अधिकार हो। कांग्रेसलाई चौतर्फी घेराबन्दी गर्नु भनेकै लोकतन्त्रमाथि खतरा उत्पन्न हुनु पनि हो । कि यत्र तत्र छरिएर बसेका आदिवासी जनजाति समुदायको भावना (sentiment) बटुल्न मात्र गठन भएको महासंघ हो ? त्यसो होइन भने सत्ता र शक्तिमा बसेका पार्टीका महारथी र सारथीहरुको मन पनि पवित्र हुनु पर्‍यो । लोकतान्त्रिक आन्दोलन (Democratic movement) मा ज्ञात-अज्ञात आदिवासी जनजाति समुदायले पुर्‍याएको योगदानलाई अवमूल्यन गरिनु हुँदैन भन्ने आग्रह मात्र हो। तब मात्र लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ गठनको औचित्य केही हदसम्म पुष्टि हुन्छ। यसले के पुष्टि गर्दछ भने आदिवासी जनजाति समुदायको उपस्थितिविना कांग्रेस अपुरो नै भएको देखिन्छ ।

जनताको मौलिक हक अधिकार र विधि नीतिसँग जोडिएको पार्टी नेपाली कांग्रेस लोकतन्त्रको 'मन्दिर' हो पनि भनिन्छ। पवित्र मन्दिरबाट टिका ग्रहण गरि 'रथ' हा'क्न निस्कने महारथी र सारथीहरूको परम्परागत (orthodox) सोच र विचारको कारण कांग्रेस पार्टी कतै जकडिएको त छैन ? चाहे त्यो धार्मिक होस्, चाहे त्यो सांस्कृतिक, आर्थिक र निजी स्वार्थ त छँदैछ । र, अब हाम्रोलाई होइन राम्रोलाई स्थान प्रदान गर्ने सोचको विकास गर्न जरूरी छ । इमानदार पात्रको खोजी हुनु पर्दछ । पवित्र मन्दिरभित्र आन्तरिक खिचातानी र बेमेलको कारण बीपीले कल्पना गरेको लोकतान्त्रिक समाजवादको ढोका बन्द हुने सम्भावना पनि त्यत्तिकै छ। कांग्रेसले लोकतन्त्र बचाउनु त छँदैछ , पार्टीले स्वीकारेको आर्थिक गतिविधि र जनजीवनसँग सम्वन्धित समाजवादको 'ढोका' भासन र नाराले होइन व्यवहारले खोलिदिनु पर्छ । वर्गीय दृष्टिकोणले पछाडी परेका शोषित- पीडित आम नेपालीको चाहना पनि त्यही हो।

तसर्थ 'कांग्रेस' सम्भ्रान्त परिवारको तन्त्र-मन्त्र हो भन्ने भान कांग्रेसले नै चिर्न जरूरी छ । छिमेकी राष्ट्र भारतीय राष्ट्रिय काँग्रेस आईले भोग्नुपरेको क्षतिका उदाहरणहरु प्रशस्तै छन्। विकासको बाधक नै भ्रष्टाचार हो। भ्रष्टाचार देशको प्रमुख शत्रु हुन् । यी यावत् बेथितिका कारण दुधको साक्षी विरालो, रवि र ओलीको गिद्धे दृष्टिबाट बच्न त्यति सजिलो छैन । प्रचण्डको अदृश्य शक्तिलाई कम-आकलन गर्नु पटमूर्ख बन्नु मात्र हो। अझ क्षेत्रीय तहमा उदाएको शक्तिहरूसँग पैंठोजोरी खेल्न उतिकै चुनौती छ ।
जे होस् , ढिलै भएपनि कडा मेहनत र प्रयासले निर्माण भएको लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ काँग्रेसको मूल खम्बाको रूपमा स्थापित भएको छ ।

# ९.७ मेगावाटको इङवा जलविद्युत राष्ट्रिय प्रसारण लाइनमा




झापा(प्रस)। इङवा हाइड्रोपावर लिमिटेडले निर्माण गरेको ९.७ मेगावाट क्षमताको माथिल्लो इङवा जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी चैत १० गते अर्थात् शनिबारदेखि राष्ट्रिय प्रसारण लाइनमा जोड्न सफल भएको छ ।
पाँचथर तथा ताप्लेजुङ जिल्लाको सिमाना भई बहने इङवा खोलामा ९.७ मेगावाटको विद्युत शक्ति उत्पादन गरेर १६ किलोमिटर लामो ३३ केभि ट्रान्समिसन लाइनको माध्यमबाट कम्पनीको पावरहाउस आँपडाँडाबाट हिलिहाङ गाउँपालिका वडा नं १ मा रहेको नेपाल विद्युत प्राधिकरणको अमरपुर सबस्टेशनमा जडान गरिएको छ ।
२०७८ साल साउन २३ गतेबाट कम्पनीले यो आयोजना निर्माण कार्य थालनी गरी मिति २०८० साल चैत्रमा निर्माण कार्य पूरा गरेको हो। यो आयोजना निर्माण सम्पन्न गर्नका लागि एक सय ९४ करोड रुपैयाँ लागत लागेको छ ।
जसमध्ये संस्थापक तथा सर्वसाधारणको शेयर लगानी वाट ३० प्रतिशत लगानी र बाँकी ७० प्रतिशत नविल बैङ्क लिमिटेडको एकल लगानीबाट सम्पन्न गरिएको छ । यो आयोजना याँङवारक गाउँपालिका वडा नं २ मा बाँधस्थल र वडा नं ३ मा पावरहाउस रहेको छ ।
यस आयोजनाको नेट हेड १८९ मिटर रहेको छ र यसमा ४.५ किलोमिटर लामो फलामको पेनस्टक पाइपको माध्यमबाट पावर हाउसमा पानी खसाली विद्युत उत्पादन गरिएको छ । आयोजनाको सिभिल निर्माणको कार्यमध्ये पावर हाउसको काम लटिनाथ कन्स्ट्रक्सन कम्पनी प्रालि र इन्टेक तथा पाइप एलाईनमेण्ट मकालु डेभलपर्स लिमिटेडले गरेका हुन् । यसको हाइड्रोमेकानिकलको काम अपि हाईड्रोमेकानिकल लिमिटेडले सम्पन्न गरेको हो ।

यस आयोजनामा जडित इलेक्ट्रोमेकानिकल तर्फका मेसिन तथा उपकरणहरू युरोपियन प्रविधिको छनोट गरी जेपट हाइड्रो अस्ट्रियाबाट खरिद गरिएको कम्पनीका कार्यकारी सञ्चालक सतिस न्यौपानेले जानकारी दिए ।

जेपट हाइड्रो अस्ट्रियाबाट आयात गरिएको टर्वाइन र गामेशा स्पेनबाट आयात गरिएको जेनेरेटर राखिएको छ । कन्ट्रोल रुममा राखिएका प्यानल वोर्डहरु क्रोएसियाको प्रो-इन्ट्रीगिस कम्पनीबाट आयात गरिएको समेत न्यौपानेले बताए ।

# सशस्त्रको एक फौज २४ सै घण्टा सीमा गस्तीमा



झापा(प्रस)। सशस्त्र प्रहरी बल नेपालले 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' अन्तर्गत २४सै घण्टा सीमा क्षेत्रमा गस्ती परिचालनका लागि 'सीमा पैदल गस्ती परिचालनसम्बन्धी अवधारणापत्र, २०८० ' लागू गरेको छ । त्यसका लागि अन्तर ाष्ट्रिय सीमा इलाकामा एक प्लटुन सशस्त्र प्रहरी बल नेपालको फौज परिचालन सुरु गरिएको छ ।

सीमा सुरक्षालाई थप प्रभावकारी बनाउने उद्देश्यले यो अवधारणापत्र तयार गरी लागू गरिएसँगै अब प्रत्येक प्रदेशमा सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा एक प्लटुन टोली २४ सै घण्टा सीमा गस्तीमा तैनाथ रहने सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता एसएसपी राजेन्द्र खड्काले जानकारी दिए ।
उनले सीमासँग जोडिएका जिल्लाका सीमास्तम्भ तथा दशगजा क्षेत्रको सुरक्षा, सीमा क्षेत्रबाट हुने अपराध नियन्त्रण, सीमा अतिक्रमणको अनुगमन तथा रोकथाम, सीमा क्षेत्रमा हुने राजस्व चुहावट नियन्त्रण तथा गैरकानूनी गतिविधि नियन्त्रण गर्न थप प्रभावकारी बनाउने उद्देश्यले यो अवधारणापत्रसहित फौज परिचालन गरिएको बताए ।

यसका साथै सशस्त्र प्रहरी बल र छिमेकी मित्रराष्ट्रका समकक्षीसँग समन्वय र सहकार्यमा समेत सहयोग पुग्नेछ । जिम्मेवारी ईलाकाको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिकलगायतका वर्तमान स्थितिबारे जानकारी लिनुका साथै सीमा सुरक्षाको अवस्था, सीमा स्तम्भ तथा दशगजा क्षेत्रको अतिक्रमणबारे जानकारी अद्यावधिक हुनगई प्रभावकारी सुरक्षा व्यवस्थापन र सीमावासी नागरिकसँग अन्तरक्रियाबाट सकारात्मक सम्बन्ध र सामिप्यता अभिबृद्धि भई सीमा सुरक्षामा प्रभावकारिता बढ्ने विश्वास लिइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# ढुङ्गाले किचेर एक जनाको मृत्यु



झापा(प्रस)। ताप्लेजुङमा ढुङ्गाले किचेर एक जनाको मृत्यु भएको छ । फुङलिङ नगरपालिका- ३ का ५९ वर्षीय रामचन्द्र गुरुङको मृत्यु भएको हो । सोमबार दिउँसो ३ बजे सोही स्थानमा रहेको इन्द्रेणी कबर्ड हलनजिकै ढुङ्गा फुटाएर उनी खाजा खान बसेका थिए । बसेकै ठाउँमा माथिबाट झरेको ढुङ्गाले किचेर उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

# पत्रकार अर्याललाई पत्नीशोक



झापा(प्रस)। ईलामका पत्रकार गणेश अर्याललाई पत्नीशोक परेको छ । रोङ गाउँपालिका - ३ कोल्बुङ निवासी रोङ मिडिया प्रालिका अध्यक्ष , ईको चिया सहकारी संस्थाका व्यवस्थापक , रेडक्रसकर्मी गणेश अर्यालकी पत्नी तारा रिजालको ४५ वर्षको उमेरमा मंगलवार बिहान २.२० बजे घरमै निधन भएको हो ।उनी लामो समयदेखि क्यान्सरबाट पीडित रहेकी थिइन् ।

मृतकका तीन छोरीहरु गरिमा ,कृतिका र योजना अर्याल रहेका छन् । मृतक रिजालको पार्थिव शरीरलाई झापाको बुद्धशान्तिस्थित टिमाई घाटमा अन्त्येष्टि गरिएको परिवारले जनाएको छ ।

## अश्लील...

प्रकृतिपूजक राजवंशीहरुले प्रकृतिप्रेमी शिवलाई मान्ने गरेका छन् । डोल देवताको पुजा कहिलेदेखि शुरु भयो भन्ने यकिन नभएपनि यसको बारेमा पौराणिक भनाइ सुन्न पाइन्छ । गहिरो मायाजालमा पारेर पार्वतीले छोडेर हिडेपछि शिवलाई एक्लै बस्न असह्य भयो ।
उनी पार्वतीलाई खोज्दै भौतारिरहे । तर, पार्वतीलाई भेट्न सकेनन् । त्यसपछि उनी बिरक्तिएर तपस्या गर्न जंगल गए । यता पार्वती शिवलाई खोज्दै उनीहरु बस्ने कुटीमा पुगिन् । शिवलाई नपाएपछि बिक्षिप्त बनेकी पार्वतीले आवेशमा आएर कुटीमा आगो लगाइदिएर हिडिन् । आगोले कुटीसँगै शिवका लत्ताकपडा सबै डढेर नष्ट भए । पछि शिव फर्केर आउँदा न उनले बस्ने ठाउँ भेटे, न लगाउने लुगा नै । आफ्नो शरीरको अंग छोप्न उनले जिउँभरि खरानी दले अनि पार्वतीको वियोगमा गाउँदै नाच्दै ताण्डव देखाउँदै हिडे ।
त्यही प्रसंगलाई लिएर राजवंशी जातिमा डोल गाउने र डोल ठाकुरको पुजा गर्ने चलन चलेको राजवंशी धर्म संस्कार समितिका अध्यक्ष लखनले बताए । पार्वतीले कुटी जलाएको घटनाको स्मरणस्वरुप भेलार घर(भोलाको घर) जलाउने चलन अझै रहेको उनले जानकारी दिए । कतिपयले होलिका दहनसँग भेलार घर जलाउने संस्कृतिलाई जोड्ने गरेको पाईन्छ ।
उहिले बाजागाँजासहित राजवंशीहरुले डोल गाएर हिडेको स्मरण आफूलाई रहेको पूर्व सहायक मन्त्री टेकनारायण राजवंशीले बताए । उनले भने' राजवंशी जातिमा होलीमा रंग नखेलेर अबिर मात्र खेल्ने परम्परा छ ।'
अश्लील भएर अहिले डोलका गीत कतै पनि गाएर हिडेको पाइदैन । जुन बिल्कुलै लोप हुन पुगेको छ । त्यस किसिमका गीतहरुलाई परिष्कृत गरेर राखिनु पर्नेमा बाह्रदशी गाउँपालिका वडा नं ३ का पूर्व वडाध्यक्ष बिरेन्द्र राजवंशी जोड दिन्छन् ।'अहिलेका युवा पुस्तालाई डोल ठाकुर भन्ने मात्र थाहा छ तर डोल गीत सुनेका छैनौं ' उनले भने,' अश्लील गीतलाई परिष्कृत गरेर लोप हुनबाट जोगाउनु पर्छ । ' राजवंशीहरुले होलीपछि मात्र छाता ओढ्ने गरेका छन् । होलीपछि मात्र छाता ओढ्नु पर्ने नियम रहेको बिरेन्द्रले बताए । राजवंशीमा मात्र नभएर अरु जातिले पनि होलीमा अश्लील गीत गाउने चलन छ । मधेसी समुदायमा त्यस किसिमको होली गीत सुन्न सकिन्छ । भारतको पश्चिम बंगालमा पनि होलीलाई डोल पुजा भनेर मनाउने गरिएको छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।